म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ४३ सोमबार, ३० भदौ २०८२ ने. सं. ११४५ ञललगा 15 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेवारपानी प्रहरी कार्यालयलाई एमाले मनहरीद्वारा फर्निचर सहयोग

हेटौंडा, २९ भदौ/जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोडका कारण सेवा अवरुद्ध भएको हेटौंडा उपमहानगरपालिका-१९, नेवारपानीस्थित इलाका प्रहरी कार्यालयलाई पुनः सेवा सञ्चालनमा सहयोग पुऱ्याउने अभियान सुरु भएको छ । यसक्रममा आईतबार नेकपा (एमाले) मनहरी गाउँपालिका कमिटीले कार्यालयका लागि आवश्यक फर्निचर हस्तान्तरण गरेको हो । गाउँपालिका अध्यक्ष नवीन सुवेदीको नेतृत्वमा आयोजित कार्यक्रममा दुईथान बेड र एकथान दराज प्रहरी कार्यालयलाई बुझाइएको थियो । सहयोग हस्तान्तरण गर्दै अध्यक्ष सुवेदीले प्रहरीले जनताको सेवामा उच्च मनोबलका साथ निरन्तर खटिनुपर्नेमा जोड दिँदै, आवश्यक परेमा आफ्नो पार्टी सधैं सहयोग गर्न तत्पर रहने बताएका छन् । त्यसैगरी इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ नायवनिरीक्षक प्रकाश खत्रीले कठिन परिस्थितिमा पनि प्रहरी जनताको सेवाबाट पछि नहट्ने उल्लेख गर्दै सहयोगका लागि धन्यवाद दिएका छन् । नेवारपानी प्रहरी कार्यालयले मनहरी गाउँपालिका भित्रका पाँचवटा वडाको सुरक्षाको जिम्मेवारी बहन गर्दै आएको छ ।

### सामाजिक विकास मन्त्रालयमा जलेको भवनको सिँढीमै बसेर काम हुँदै

# साँढे चार वर्षमा बनेको प्रदेशसभा भवन एकदिनमै ध्वस्त

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/१२ करोड २९ लाखको लागतमा बनेको बागमती प्रदेशसभाको नवनिर्मित भवन जेनजी आन्दोलनको क्रममा जलेर ध्वस्त भएको छ ।

गत साउन २७ गते औपचारिकरुपमा सञ्चालनमा ल्याइएको प्रदेशसभा भवनमा जम्मा ४ वटा बैठकमात्रै सञ्चालन भएको थियो । भवन निर्माण गर्न झन्डै साढे चार वर्ष लागेको थियो । भदौ २३ गतेबाट सुरु भएको जेनजी आन्दोलनको दोस्रोदिन प्रदर्शनकारीले भवनमा तोडफोड र आगजनी गरेका थिए । ठूलो संख्यामा आएका प्रदर्शनकारीले सुरुमा नाराबाजी गर्दै ईंटा र ढुंगा प्रहार गरेका थिए । प्रदर्शन उग्र बन्दै गएपछि आन्दोलनकारी पर्खाल र गेट फोडेर प्रदेशसभा भवनभित्र प्रवेश गरी तोडफोड र आगजनी गरेका थिए । प्रदेशसभाको नयाँ र पुरानो दुवै भवनमा पूर्णरुपमा क्षति पुगेको छ ।



कांग्रेस संसदीय दलको कार्यालयबाहेक अन्य दलका कार्यलयमा आगजनी र तोडफोड गरिएको छ । प्रदेशसभामा मात्रै २५ देखि ३० करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । प्रदेशसभाका प्रवक्ता मनोज गुप्ताका अनुसार नयाँ र पुराना दुवै भवन पूर्णरुपमा क्षतिग्रस्त भएका छन् । १२ करोड २९ लाख लागतमा बनेको नवनिर्मित भवन जलेर नष्ट भएको छ भने एक करोड भन्दा बढीका प्राविधिक संरचना नष्ट भएका छन् । सचिवालयका ५ वटा दुईपांग्रे, ३ वटा गाडी र २ वटा निजी मोटरसाइकल पूर्णरुपमा क्षति भएका छन् । सामाजिक विकास मन्त्रालयको कम्पाउण्डमा सुरक्षित राखिएको प्रदेशसभाका ३ वटा गाडी पनि आगजनीबाट बच्न सकेनन् ।

प्रदेशसभाभित्र रहेका विभिन्न दलका कार्यालय पनि जलेर नष्ट भएका छन् । नेपाली काँग्रेस, नेकपा एमाले, राप्रपा, हाम्रो नेपाली पार्टी र नेपाल मजदुर किसान पार्टीको संसदीय दलका कार्यालयमा रहेका सबै कागजपत्र, फर्निचर र सामग्री खरानी बनेका छन् । नेकपा माओवादी केन्द्र र समाजवादीका दल कार्यालय भने माथिल्लो तलामा भएकाले आंशिक मात्र क्षति भएको छ । प्रदेशसभा सचिवालयका प्रशासन र कार्यव्यवस्थासम्बन्धी सबै कागजपत्र जलेका छन् भने कानून तथा विधेयक शाखामा रहेका विधेयकहरु सुरक्षित रहेको प्रवक्ता गुप्ताले जानकारी दिए ।

२०७७ मंसिर १० गते शिलान्यास गरी १८ महिनामा सम्पन्न गर्नुपर्ने भवन निर्माण व्यवसायीको ढिलासुस्तीका कारण साढे चार वर्षसम्म लागेको थियो । दुईचरणमा ठेक्का लगाएर भवनको काम सम्पन्न गरिएको थियो । निर्माण सम्पन्न भएसँगै भवन २७ साउनबाट सञ्चालनमा आएको हो । २ सय ५० जना अट्ने सभाहल इपिएस स्यान्डविच प्रविधिबाट निर्माण हुने गरी सहरी विकास तथा भवन कार्यालय हेटौंडाको समन्वयमा अर्घाखाँची सगुन पारामाउन्ट जेभीले निर्माण गरेको थियो । बागमती प्रदेशसभाका दुबै भवन क्षतिग्रस्त बनेपछि बैठक अनिश्चित बनेको छ ।

**लुटेको सामान फिर्ता गर्न आग्रह**

जेनजी आन्दोलनको क्रममा चोरी भएको सामग्रीहरु फिर्ता गर्न बागमती प्रदेशसभा सचिवालयले आग्रह गरेको छ । आईतबार सचिवालयले एउटा सूचना जारी गर्दै सामग्रीहरु बुझाउन अनुरोध गरेको हो । भदौ २४ गते आगजनी र तोडफेडको क्रममा बागमती प्रदेशसभा सचिवालयमा रहेको कम्प्युटर, ल्याप्टप, इन्भर्टर, टिभी, एसीसहित कुर्सी, टेबल, सोफा लगायत सामग्री चोरी भएको थियो । त्यसैगरी कर्मचारीको सवारीसाधनमा आगजनी र तोडफोड गरी लुटपात भएको थियो ।

यी सामग्रीहरु आफूले भेटेमा वा आफूसँग भएमा फिर्ता गरिदिन सचिवालयले अनुरोध गरेको छ । उल्लेखित सामग्रीको सम्बन्धमा कुनै जानकारी भए जानकारी दिने व्यक्तिको परिचय गोप्य राखिने सूचनामा उल्लेख छ । प्रहरीले पनि सामाजिक संजाल, सीसी क्यामेरामा भएका रेकर्डका आधारमा शुक्ष्म निगरानी गरिरहेको बताइएको छ ।

**सामाजिक विकास मन्त्रालयमा जलेको भवनको सिँढीमै बसेर काम हुँदै**

सामाजिक विकास मन्त्रालयले जलेको भवनको सिँढीमै बसेर अत्यावश्यक काम गर्न थालेको छ । हेटौंडा-१० मा रहेको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयको संयुक्त भवन पूर्णरुपमा क्षतिग्रस्त बन्दा काम गर्ने स्थान नभएपछि सिँढीबाट अत्यावश्यक काम थालिएको हो ।

भवनभित्र रहेका महाशाखा तथा शाखाका कागजपत्र, अभिलेख र कार्यालय सामग्री जलेर नष्ट भएपछि प्रशासनिक काम ठप्प भएको छ । आइतबार दिनभर मन्त्रालयका कर्मचारीहरु जलेर बाँकी रहेका कागजात बाहिर निकाल्ने, धुलाम्य भएका कोठा, फुटेका सिसा निकाल्ने, सफा गर्ने र संरचनागत क्षतिबारे मूल्यांकन गर्ने कार्यमा व्यस्त रहेका थिए । आगलागीबाट सामाजिक विकास मन्त्री र स्वास्थ्य मन्त्री दुवैको कार्यकक्ष प्रयोग अयोग्य भएको छ । सामाजिक विकास मन्त्रीको कार्यकक्ष काम चलाउने अवस्थामा छैन भने स्वास्थ्य मन्त्रीको कार्यकक्ष पूर्णरुपमा जलेर ध्वस्त भएको छ । सामाजिक विकास मन्त्रालयको कम्पाउण्डभित्र रहेका १४ वटा सवारीसाधन पनि जलेर नष्ट भएका छन् ।

मुख्यमन्त्री कार्यालयका एउटा, प्रदेशसभाका ३ वटा, सामाजिक विकास मन्त्रालयका ५, स्वास्थ्य मन्त्रालयका ३, शिक्षा विकास निर्देशनालयको १ र युएस परियोजनाका एउटा सवारी जलेको सामाजिक विकास मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले बताए । दुबै मन्त्रालयका अधिकांश कार्यकक्ष जलेका छन् । सामाजिक विकास मन्त्रालयको प्रशासनिक शाखाको केही रेकर्ड मात्रै सुरक्षित रहेको बाँकी सबै अभिलेख नष्ट भएको सचिव दर्निले बताए ।

मन्त्रालयसँगै रहेको प्रदेश विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को सचिवालय समेत आगलागीमा जलेर पूर्णरुपमा ध्वस्त भएको छ । त्यहाँ रहेका सबै फर्निचर, अभिलेख र उपकरण नष्ट भएको सचिव दर्जीले बताए । भवन र कागजात दुवै क्षतिग्रस्त भएकाले तत्कालै कहाँ बसेर काम गर्ने भन्ने समस्या भएको सचिव दर्जीलले बताए । भदौ २४ गतेको आन्दोलनका कारण बागमती प्रदेशका १४ मन्त्रालयमध्ये ९ वटा मन्त्रालय पूर्णरुपमा क्षतिग्रस्त बनेका छन् ।

# तीन मन्त्रीको टुंगो लाग्यो, खनाल अर्थमन्त्री, अर्याल गृह र घिसिङलाई ऊर्जा



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारमा सहभागी हुने तीन जना मन्त्रीको नाम टुंगो लागेको छ । प्रधानमन्त्री निवास बालुवाटार स्रोतका अनुसार, अर्थ मन्त्रालयमा रामेश्वर खनाल, गृहमन्त्रालयमा ओमप्रकाश अर्याल र ऊर्जा मन्त्रालयमा कुलमान घिसिङको नाम टुंगो लागेको हो ।

अर्यालले गृहसँगै कानुन मन्त्रालय सम्हाल्नेछन् । घिसिङले उर्जासँगै भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

गुल्मीको इस्मा घर भएका अर्याल पछिल्लो समय काठमाडौं महानगरपालिकाका कानुनी सल्लाहकार पनि थिए। उनले लोकमानसिंह कार्कीको नियुक्ति बदर, गिरिबन्धु टी स्टेटको नीतिगत भ्रष्टाचार प्रकरण, संसद विघटन लगायत चर्चित प्रकरणहरूमा सार्वजनिक सरोकारको रिट दायर गरेका थिए ।

अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने खनाल पूर्वअर्थ सचिव हुन् । उनले केही समयअघि मात्र उच्चस्तरीय आर्थिक सुधार सुझाव सिफारिस आयोगको अध्यक्षका रूपमा केपी ओली सरकारलाई ४४७ पृष्ठ लामो प्रतिवेदन बुझाएका थिए ।

नेपाललाई लोडसेडिङबाट मुक्त गराएको भनी आमजनतामा लोकप्रिय घिसिङलाई केही महिनाअघि केपी ओली सरकारले नै प्राधिकरणबाट हटाएको थियो । उनको ठाउँमा हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गरिएको थियो ।

जेन-जी आन्दोलनको दबाबमा निवर्तमान प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएपछि कार्की अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएकी हुन् । उनी नेपालको इतिहासकै प्रथम महिला प्रधानमन्त्री हुन् । कार्कीले प्रधानमन्त्री पदको शपथ लिएलगत्तै प्रतिनिधिसभा विघटन गरिएको छ भने फागुन २१ गते निर्वाचन गर्ने घोषणा भइसकेको छ ।




# श्रीमानलाई बाँधेर २ महिनाकी सुत्केरीमाथि बलात्कार

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ मकवानपुरको राक्सिराङ गाउँपालिकामा दुई महिनाकी सुत्केरीमाथि बलात्कार भएको घटना सार्वजनिक भएको छ ।




राक्सिराङ गाउँपालिका अनुसार २७ भदौ शुक्रबार बेलुका राक्सिराङ गाउँपालिका-१ इन्द्रुङमा करिब २४ वर्षीया महिलामाथि बलात्कार भएको हो । आर्थिक अवस्था कमजोर भएको परिवारकी उनलाई एक अपरिचित व्यक्ति घरमै पुगेर बलात्कार गरेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । 'आफूमाथि बलात्कार गरेको भनेर पीडित महिलाले हामीलाई भनेकी हुन्,' अध्यक्ष मल्लले भने । प्रष्टसँग बोल्नसमेत नसक्ने उनका श्रीमानलाई बाँधेर श्रीमतीलाई बलात्कार गरेको अध्यक्ष मल्लले बताए ।

पहिलो सन्तानको रुपमा छोरालाई जन्म दिएकी महिलासहित परिवार प्लास्टिकले ओत लगाइएको छाप्रोमा बस्दै आएको छ । आर्थिक अभावले खानेकुरासमेत नभएकोले सुत्केरी हुँदा गाउँपालिकाले आर्थिक सहित पौष्टिकआहार सहयोग पनि गरेको थियो । पीडित महिलाको महिला तथा बालबालिका सेवा केन्द्रमा परामर्श भइरहेको अध्यक्ष मल्लले बताए । घटनापछि स्थानीय प्रहरीलाई खबर गर्दा प्रहरी पनि घटनास्थल जान डराएको उनले बताए । 'पीडितको घर जंगलको एकान्तमा छ । तर, पनि गाउँमा अशान्त थिएन । प्रहरी जान डरायो । त्यसपछि हामीले नै उहाँहरुलाई हेटौंडा लगेका हौं', उनले भने ।

मल्लकाअनुसार पीडित चेपाङ परिवारलाई गत भदौ १६ गते मात्रै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले स्थायी घर बनाउनका लागि दुई लाख रुपैयाँ सहयोग गरेका थिए भने, पालिकाले सुत्केरी खाद्यान्न र लत्ताकपडा वितरण गरेको थियो । सुत्केरी श्रीमतीलाई खुवाउने कुरा पनि केही नभएको र बस्ने घर पनि नभई झुप्रोमा बस्दै आएको थाहा पाएपछि राक्सिराङ गाउँपालिका र नेपाली काँग्रेस राक्सिराङ गाउँपालिकाको सिफारिसमा बानियाँले व्यक्तिगत खर्चमै घर निर्माण गरिदिने घोषणा गर्दै काम थालनी गर्न निर्देशन दिएका थिए ।

साझाकुरा

## हाम्रो कुरा

# कार्यालय सरसफाइ सुरु

जेनजी आन्दोलनका क्रममा हालसम्म ७२ जनाको ज्यान गएको छ भने क्षणभरमै मुलुकका खरबौं रुपैयाँ बराबरको भौतिक संरचना खरानी भएको छ । यो अकल्पनीय घटना कुनै दक्षिण भारतीय सिनेमाको दृष्य झैं मानसपटलमा घुमीरहेका छन् । आगजनीमा परेका बागमती प्रदेशका मन्त्रालय तथा सरकारी कार्यालयमा सर सफाइको काम सुरु भएको छ । सामान्य अवस्थामा प्रशासकीय काममा व्यस्त हुने कर्मचारी अहिले जलेका मन्त्रालय र कार्यालय सफा गर्न जुटेका छन् । हेटौंडा उपमहानगरपालिका कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयसहित बागमती प्रदेशका विभिन्न मन्त्रालयका कर्मचारीले जलेर बाँकी रहेका उपकरणको अवस्था जाँचिरहेका छन् । सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार कार्यालयमा रहेका ६० हजारभन्दा बढी फाइल जलेका छन् । बागमती प्रदेशअन्तर्गतका ३२ सय ३० सहकारीका फाइल जलेका छन् । तिमध्ये करिब २७ सय सहकारीका फाइल अनलाइन प्रविष्ट भएका कारण सुरक्षित रहेका छन् । समस्याग्रस्त घोषित गरिएका सबै सहकारीका फाइल भने सुरक्षित रहेको सहकारी महाशाखाले जनाएको छ । मन्त्रालयको तल्लोतला पूरै जलेको छ भने अन्य तलामा आंशिक क्षति पुगेको छ । बागमती प्रदेशका १० वटा मन्त्रालय पूर्णरुपमा जलाइएको छ ।

यातायात व्यवस्था कार्यालयभित्रका महत्वपूर्ण कागजपत्र, फर्निचर र अन्य सामग्री काम लाग्ने अवस्थामा छैनन् । आन्दोलनका क्रममा मकवानपुरका ४० भन्दा बढी सरकारी कार्यालयमा तोडफोड, आगजनी तथा लुटपाट भएको छ । आन्दोलनका क्रममा हेटौंडा-१० मा रहेको प्रदेशसभा सचिवालय, बागमती प्रदेशको भवन, आन्तरिक राजस्व कार्यालय मकवानपुर, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, हेटौंडा उपमहानगपालिका १० नम्बर वडा कार्यालय जलेका छन् । हेटौंडा-१ स्थित ४ वटा मन्त्रालय रहेको भवन ध्वस्त भएको छ, जसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, खानेपानी तथा ऊर्जा सिंचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय थियो । हेटौंडा-२ मा रहेका आर्थिक मामिला तथा योजना मन्त्रालय, लोकसेवा आयोग हेटौंडा कार्यालय, उच्चअदालत पाटनको हेटौंडा इजलास, जिल्ला अदालत मकवानपुर, सरकारी वकिल कार्यालय, मुख्यमन्त्रीको सरकारी निवास, बागमती प्रदेश प्रमुखसचिवको निवास, मालपोत कार्यालय, नापी कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडा उपमहानगरपालिकाको कार्यालय, सहरी विकास तथा भवन कार्यालय, कोष तथा लेखानियन्त्रण कार्यालय हेटौंडा, कर्मचारी सञ्चयकोष हेटौंडा, नापी कार्यालय मकवानपुर जलेका छन् । भाटभटेनी सुपरमार्केट समेत आन्दोलनको क्रममा जलाइएको छ । हेटौंडा-११ मा रहेका सहकारी तथा गरिबी निवारण मन्त्रालय, यातायात सेवा कार्यालय, प्रदेश आपतकालीन आपूर्ति केन्द्र र ट्राफिक प्रहरी कार्यालयमा पनि तोडफोड र आगजनी गरिएको छ ।

बकैया गाउँपालिका कार्यालय, मनहरी गाउँपालिका कार्यालय, हटौंडा उपमहानगपालिका वडा नम्बर ३ को कार्यालय भवन, वडा नम्बर ४ को कार्यालय, प्रदेश लोकसेवा आयोग हेटौंडा, सञ्चार रजिष्टारको कार्यालय हेटौंडामा क्षति पुगेको छ । जिल्ला समन्वय समितिको सवारीसाधन जलाइएको र भवन तोडफोड भएको छ । आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको मकवानपुर जिल्ला अदालतमा शुक्रबारदेखि सरसफाइ गरिएको छ । अदालतका कर्मचारी तथा कानुन व्यवसायीले संयुक्तरुपमा सरसफाई गरेका हुन् । उनीहले जलेर बाँकी रहेका कागजात, तोडफोड भएका कार्यालय सामग्री तथा फर्निचर व्यवस्थापन गरेका थिए । सरसफाइसँगै क्षति मूल्यांकन गर्ने काम पनि सुरु भएको छ । अदालत परिसरमा आगजनी र तोडफोडले करिब तीन करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । भवनको तल्लोतलामा श्रेष्तेदार कक्ष र सुपरीवेक्षण कक्ष पूर्णरुपमा जलेको छ भने माथिल्लोतलामा आंशिक क्षति पुगेको छ । विभिन्न कानुनी अभिलेख, फर्निचर, कम्प्युटर तथा विद्युतीय उपकरण जलेका छन् । अन्य सेवा पुनः सुरु गर्न केही समय लाग्ने भएपनि बन्दी प्रत्यक्षीकरणको कार्य आइतबारदेखि सुरु गर्ने तयारी भएको अदालतले जानकारी दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ३१ गते मंगलबार १६ सेप्टेम्बर २०२५ । दशमी, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:५० सूर्यास्त ६:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# अघिल्लो दशकको अरब स्प्रिङ, यो दशकको जेनजी विद्रोह



✍ जनार्दन बराल

गएको तीन वर्षमा दक्षिणएशियाका तीन मुलुकमा तीन ठूला जनविद्रोह भए । ती सबै युवाको नेतृत्वमा भएका थिए । यी तीन वटै आन्दोलनको नेतृत्व युवा-विद्यार्थीले गरेका थिए, दशकौंदेखिका शासक (राजनीतिक एलिट) हरूको विपक्ष र भ्रष्टाचारको विरुद्धमा थिए । र, तीन वटै जनविद्रोह सफल रूपमा राजनीतिक एलिटहरूलाई सत्ताबाट च्यूत गर्न सफल भए । दक्षिणएशियाको जनविद्रोहको यो लहर अहिले नेपाल आइपुगेको छ, जसले पुराना राजनीतिक दलको आलोपालो सत्ताको करीब साढे तीन दशकको इतिहासलाई भंग गर्ने अपेक्षा गरिएको छ ।

सन् २००४ मा महिन्दा राजापाक्षे प्रधानमन्त्री भएपछिका करीब दुई दशक श्रीलंकामा राजापाक्षेहरूको राजनीतिक साम्राज्य नै चलेको थियो । आफूलाई 'जनताको मान्छे' भन्न रुचाउने महिन्दा राजापाक्षेले तमिल टाइगर विद्रोहीहरूको कठोर दमनमार्फत सन् २००९ मा श्रीलंकाको दीर्घ गृहयुद्ध अन्त्य गरेपछि देशभित्र उनको लोकप्रियताको ग्राफ ह्वात्तै बढेको थियो ।

बौद्ध-सिंहालीहरूको बाहुल्य भएको श्रीलंकामा विखण्डनको एजेन्डा बोकेका तमिल विद्रोहलाई दमन गरेपछि उनले आफूलाई देशको सबैभन्दा राष्ट्रवादी नेताका रूपमा प्रस्तुत गरे । त्यसबेला उनका भाइ गोटाबाया राजापाक्षे रक्षा मन्त्रालयमा सैन्य रणनीतिकार थिए । युद्ध समाप्तिपछि यी दुई भाइ 'युद्धनायक' जस्ता भए, जसले दुई दशकसम्म उनीहरूलाई पालैपालो सत्तामा हालीमुहाली गर्न अवसर दियो । दाइ राष्ट्रपति हुँदा भाइ रक्षामन्त्री, भाइ राष्ट्रपति हुँदा दाइ प्रधानमन्त्री । उनीहरूका भाइ बासिल उनीहरूको पार्टीको अध्यक्ष थिए भने अर्थमन्त्री पनि भएका थिए, अर्को भाइ चमाल संसद्को सभामुख भएका थिए भने महिन्दाको जेठो छोरा नामल युवामन्त्री भएका थिए । राष्ट्रवादी लोकप्रियताको उन्मादले राजापाक्षेको राजनीतिक साम्राज्यले भ्रष्ट, अविवेकी र लहडमा आधारित शासन चलाएका थिए ।

भ्रष्टाचार चरमोत्कर्षमा थियो, विदेशबाट उच्च ब्याजदरमा ऋण लिएर प्रतिफल नआउने परियोजनामा लगानी गरी देशलाई चरम ऋणग्रस्ततामा पुर्‍याए । सन् २०१९ पछि देशलाई अर्गानिक बनाउने भन्दै रासायनिक मलमाथि पूर्ण प्रतिबन्ध लगाए, जसले कृषि उत्पादन व्यापक घट्यो । आयकरको दरमा ठूलो कटौती गरियो, जसले सरकारको राजस्व घट्यो । अन्ततः श्रीलंका विदेशको ऋण दायित्व भुक्तान गर्न नसक्ने गरी टाट पल्टियो, मूल्यवृद्धिले आकाश छोयो । त्यो अव्यवस्थाको विरोधमा सन् २०२२ को शुरुबाट श्रीलंकामा युवाहरूले प्रदर्शन थाले, सामाजिक सञ्जालले विद्रोहको स्वरलाई अझै ठूलो बनाइदियो ।

जो १२ जुलाईमा चरमोत्कर्षमा पुग्यो, हजारौंको संख्यामा प्रदर्शनकारीहरू शान्तिपूर्ण रूपमा राष्ट्रपतिको दरबारमा प्रवेश गरेर भवन कब्जामा लिए । त्यसपछि गोटाबाया राजापाक्षे देश छोडेर भाग्न बाध्य भए, अर्थात् राजापाक्षेहरूको राजनीतिक साम्राज्य ढल्यो । श्रीलंकामा भएको त्यो विद्रोहलाई 'अरगालय' (संघर्ष) भन्ने नामले चिनिन्छ । त्यसको दुई वर्षपछि बंगलादेशमा 'जेनजी' हरूले त्यस्तै विद्रोह गरी १६ वर्षदेखि शासनसत्तामा रहेकी प्रधानमन्त्री शेख हसिना वाजेदलाई देशबाट भगाएका थिए ।

करीब एक तिहाइ सरकारी जागिर सन् १९७१ मा स्वतन्त्रताका लागि लडेका मानिसका परिवारलाई आरक्षण गर्ने व्यवस्था त्यहाँको सर्वोच्च अदालतले पुनर्स्थापना गरि दिएपछि जेनजी विद्यार्थीले जुलाई २१ मा बंगलादेशभर प्रदर्शन थालेका थिए । त्यो प्रदर्शनमा सरकारले दमन गरेपछि हिंसा भड्कँदै गयो । ३०० भन्दा बढी मानिसको ज्यान गयो । त्यसबीचमा सर्वोच्चले आफ्नो निर्णय सच्याउँदै जागिरमा कोटा खारेज गर्‍यो । तर, जेनजीहरूले भ्रष्टाचार अन्त्य र प्रधानमन्त्रीको राजीनामा नभएसम्म आन्दोलन छाडेनन् । अन्ततः ४ अगस्त एकै दिन १०० भन्दा बढी प्रदर्शनकारीको मृत्यु भएपछि प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देशबाट भागिन् । त्यसपछि नोबेल पुरस्कार प्राप्त प्राध्यापक मोहम्मद युनुस अन्तरिम सरकारको प्रधानमन्त्री भएका छन्, जसलाई नयाँ चुनाव गरेर नागरिक सरकारलाई सत्ता हस्तान्तरणको जिम्मेवारी छ ।

नेपालमा जेनजी समूहलाई आन्दोलनमा होमिन, सामाजिक सञ्जाल बन्द गर्ने सरकारको बहुलठ्ठीपूर्ण निर्णयले प्रेरित गरेको थियो । तर, त्यसको पृष्ठभूमिमा लामो समयदेखिको कुशासन, भ्रष्टाचार र अव्यवस्था नै कारण थियो । नेपाली जेनजी आन्दोलनको पहिलो दिन सरकारले जसरी १९ जना युवा विद्यार्थीको हत्या गर्‍यो, त्यसको भोलिपल्ट मुलुक सरकारको नियन्त्रणबाट बाहिर गयो, देशभर सरकारी र निजी सम्पत्ति आगजनी भयो, प्रधानमन्त्री केपी शर्मा ओली मात्रै होइन, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्ड समेत शासनबाट बढारिए ।

गएका तीन वर्षमा दक्षिणएशियाका तीन मुलुकमा चलेको यो विद्रोहको शृंखला सन् २०१० को शुरुका वर्षमा उत्तरी अफ्रिका र मध्यपूर्वमा चलेको 'अरब स्प्रिङ'सँग मिल्दोजुल्दो छ । अरब स्प्रिङको झिल्को ट्युनिसियामा उठेको थियो । त्यहाँको सिदी बौजिद शहरका २६ वर्षीय मोहमद बौआजीजी गाडामा फलफूल राखेर सडक व्यापार गर्थे । पुलिसले हरेक दिनजसो घुस माग्थ्यो, नदिए उनका फलफूल जफत गर्थ्यो । बौआजीजीले सरकारी अधिकारीहरूलाई यसबारे पटक-पटक गुनासो गरे ।

१७ डिसेम्बर २०१० मा प्रहरीको भ्रष्टाचार तथा यातना सहन नसकेर बौआजीजीले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह गरे । त्यो घटनापछि भ्रष्टाचार, बेरोजगारी, गरीबी र निरंकुशताको विरुद्धमा ट्युनिसियाभर व्यापक जनप्रदर्शन भयो । सन् १९८७ देखि ट्युनिसियामा निरंकुश शासन चलाइरहेका जिने अल अबिदिन बेन अलीले आन्दोलनकारीमाथि हिंसात्मक दमन गरेपछि दर्जनौं प्रदर्शनकारीको मृत्यु भयो । र, त्यो आन्दोलनकै कारण बेन अलीले राष्ट्रपतिबाट राजीनामा मात्रै दिएनन्, देश छोडेर भाग्नुपर्‍यो । ट्युनिसियामा भएको त्यो सत्तापलटलाई 'जस्मिन रिभोलुसन' भनिन्छ ।

ट्युनिसियाबाट शुरु भएको प्रजातन्त्र प्राप्तिको आन्दोलन उत्तरी अफ्रिका र मध्यपूर्वभरि अर्थात् पूरै अरब देशहरूमा डढेलो जसरी फैलियो, जसले ट्युनिसियाका बेन अली मात्रै होइन, लिबियाका मुअम्मर गद्दाफी, इजिप्टका होस्नी मुबारक र यमनका अली अब्दुल्लाह सालेहलाई पदच्यूत गरिदियो । सिरियामा गृहयुद्ध शुरु भयो । मोरक्को, इराक, अल्जेरिया, लेबनान, जोर्डन, कुवेत, ओमान र सुडानमा निरन्तर सडक प्रदर्शनहरू भए । मध्यपूर्व र उत्तरी अफ्रिकी देशमा भएको त्यो महान् आन्दोलन 'अरब स्प्रिङ'का नामले इतिहासमा अंकित छ ।

ट्युनिसियाको एउटा सानो शहरबाट शुरु भएको जनविद्रोहले अनेक देशमा सत्तापलट गरे जस्तै कुशासन र शासकहरूको गैरजिम्मेवारीका कारण विश्वका अनेक मुलुकका शासकलाई जनताले लखेटेका छन् । नेपालमा पनि अव्यवस्थाको पराकाष्ठा नाघेपछि जेनजी सडकमा आएको थियो । हरेक सरकारी अड्डामा जनताले घुस नबुझाई कुनै सेवा प्राप्त हुँदैन । १८ वर्ष उमेर पुगेको एक युवा ड्राइभिङ लाइसेन्स बनाउन जान्छ, त्यहाँ घुस बुझाउनुपर्छ । पासपोर्ट बनाउन जान्छ, त्यहाँ घुस खुवाउनुपर्छ । देशमा पर्याप्त रोजगारी छैन । विदेश जान श्रम स्वीकृति लिनुपर्छ, त्यहीं घुस । देशका विश्वविद्यालय र कलेजहरूलाई राजनीतिको रणमैदान बनाइएको छ । विदेश पढ्न नो अब्जेक्सन लेटर घुस नखुवाई पाइँदैन । मालपोतमा खुस नखुवाई आफ्नै जग्गा पास हुँदैन । एउटा युवा उद्यम गर्छु भन्दै कम्पनी दर्ता गर्न कम्पनी रजिष्ट्रारको कार्यालय जान्छ, घुस नखाई कम्पनी दर्ता समेत हुँदैन ।

विद्यार्थीले समयमा पुस्तक पाउँदैनन्, किसानले मल । गाई पालेका किसानले बेचेको दूधको पैसा सरकारी दुग्ध विकास संस्थानले नै खाइदिन्छ । उखु किसानले पाउनुपर्ने अनुदान सरकारले नै पचाइदिन्छ । देशमा साँचा उद्यमीहरू उद्यमबाट पलायन हुनुपरेको छ । दशकौंदेखि सत्ताको वरपर घुम्ने 'क्रोनी' अर्थात् दलालहरूले नाफामूलक उद्यमहरू सबैमा कब्जा गरेका छन् । कसैले आफूले चाहेको उद्यम गर्न नसकिने भइसक्यो ।

सन् १९७० को दशकको इन्डिया जस्तो सबै क्षेत्रमा उद्यम गर्न लाइसेन्स चाहिने अर्थात् लाइसेन्सराजमा देश गइसकेको छ । लाइसेन्स उद्यमीले पाउँदैन, बिचौलियाले कब्जा गर्छन् । लाइसेन्स दिने निकायहरू अर्थात् नियामकका प्रमुखहरू बिचौलियाले नियुक्त गर्छन् । कुन नियामकको कुन प्रमुख कुन बिचौलियाले नियुक्त गरेको हो, जनताले थाहा पाइसके । अर्थतन्त्रमाथि तिनै क्रोनीहरूको कब्जा छ ।

सरकार काम गर्दैन, डेलिभरी शून्य छ । नागरिकमा निराशा छ, त्यो सामाजिक सञ्जालमा पोखियो । सरकारलाई लाग्यो: सामाजिक सञ्जाल नै बन्द गरिदिएपछि जनताको मुख थुनिन्छ । सरकारले भन्दा पनि दर्ता हुन नआएको, नटेरेको, राष्ट्रिय स्वाधीनतामाथि प्रहार गरेको राष्ट्रवादी डिङ हाँकेर सरकारले सामाजिक सञ्जाललाई बन्द गरिदियो । भ्रष्टाचार र अव्यवस्थाबाट आजित युवा सामाजिक सञ्जाल बन्द गरेर बोल्न पनि प्रतिबन्ध लगाइएपछि आक्रोशित भएर सडकमा आए । तर, सरकारले एक घन्टाको बीचमा दुई दर्जनभन्दा बढी निहत्था युवा-विद्यार्थीको हत्या गरिदियो ।

राजाको निरंकुश शासनका विरुद्धमा २०६२/६३ को आन्दोलनमा तत्कालीन सरकारले चरम दमन गरेको थियो । १९ दिनसम्मको आन्दोलनमा २५ जनाले ज्यान गुमाएका थिए । तर, यो दुई दिनको आन्दोलनमा ५१ जनाभन्दा बढीको मृत्यु भइसकेको छ । त्यति धेरै युवा-विद्यार्थीको ज्यान लिंदा पनि प्रधानमन्त्रीले कुनै पश्चात्ताप गरेनन्, पद छोड्ने होइन, बसिरहने धृष्टता गरे । त्यसपछि युवाले काठमाडौं उपत्यका लगायत देशका प्रमुख शहर कब्जामा लिए । अनियन्त्रित आन्दोलनकारीले देशका सबैजसो केन्द्रीय निकायका कार्यालय ध्वस्त पारे, नेताका घर-भवन जगाए, निजी व्यवसाय र सम्पत्तिमा पनि आगजनी गरे ।

त्यसपछि मात्रै प्रधानमन्त्री ओलीको होश खुल्यो, राजीनामा बुझाएर सेनाको ब्यारेकमा सरे । कम्तीका १८ घन्टा अघि मात्रै त्यो चेत प्रधानमन्त्रीमा खुलेको भए देशले सम्भवतः यो अपूरणीय क्षति बेहोर्नुपर्दैनथ्यो । प्रधानमन्त्री, मन्त्री, नेता र उच्च सरकारी कर्मचारीमा देशको माया भएको भए यो अतिचार हुँदैनथ्यो । उनीहरूलाई यो देशको एकरत्ति माया लाग्दैन, किनकिह अधिकांशका सन्तान विदेशमा छन् । जसका सन्तान यो देशमा छैनन्, बस्दैनन् र फर्कंदैनन्, उनीहरूका लागि यो देश होइन, सिर्फ आफ्नो पद, प्रतिष्ठा र पैसाको जोहो गर्ने थलो हो । यो देशको स्वामित्वबोध उनीहरूमा हुँदैन ।

अबको ५०, ६०, ७० वर्ष यही देशमा जिन्दगी बिताउनुपर्ने पुस्ताले शासनमा विजय प्राप्त गरेको छ । अब देश कस्तो हुने भन्ने निर्धारण गर्ने बिन्दुमा यो पुस्ता आइपुगेको छ । सरकारको राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वमा जुनसुकै उमेरका मानिस हुनसक्ने भए, तर देशको भविष्य निर्धारणका नीति, नियम, कानून र कार्यान्वयनमा २८ वर्ष उमेर मुनिका युवाको परिपक्व नेतृत्व आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# जेनजी विद्रोह र अबको अपेक्षा

✍ चिरञ्जीवी मास्के

प्रत्येक्ष निर्वाचित कार्यकारी (प्रधानमन्त्री वा राष्ट्रपति) र मुलुकमा गाँजिदै गएको अनियमितता, भ्रष्टाचार, नातावाद, कृपावाद, व्यक्तिगत तथा संस्थागत मिटरब्याजी लगायतको अन्त्यको मागसहित जेनजीले शुरु गरेको आन्दोलन पुग नपुग ४८ घण्टा चल्यो । यो ४८ घण्टाको समयमा राज्यले कलिला विद्यार्थीको रगतले सडक लतपत्यायो अनि जेनजीको नाममा नेपालको पुरातात्विक महत्वका सिंहदरबार लगायतका ऐतिहासिक संरचना र व्यक्तिगत भवनसहित खर्बौंको सम्पत्ति मात्र स्वाहा भएन, नेपालको सामाजिक, सांस्कृतिक स्वाभिमान र गौरवसमेत स्वाहा भयो । सोमबार (८ सेप्टेम्बर) सडकमा पोतिएका रगतका फाल्साहरुले चिमोटिएको हरेक नेपालीको मनलाई मंगलबार रातभरि दनदनी बलिरहेको सिंहदरबारको आगोका लप्काहरुले पोलिरहेको थियो ।

आन्दोलनको पहिलो दिन १९ जेनजी अभियन्ताको मृत्युमा शोकका अश्रुधारा बगाएका सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले दोस्रो दिन सिंहदरबार लगायतका पुरातात्विक महत्वका संरचना बल्न थालेपछि तिनै जेनजीका अभियन्ताहरु माथि प्रश्न उठाउन थाले- के यो हिंस्रक गतिविधि जेनजी अभियन्ताकै हो ? आन्दोलनमा सहभागी जेनजी अभियन्ताले त्यस्तो हिंस्रक गतिविधि आफूहरुले नगरेको जवाफ दिइरहे, तर जेन्जीको आन्दोलनको नाममा मानिसलाई भित्रै राखेरसमेत भौतिक संरचना ध्वस्त गर्ने काम भइरह्यो । राजधानी काठमाडौंको नख्खु, सुन्धारा लगायतका जेलहरुबाट कैदी-बन्दी भाग्ने काम निर्बाध भइरहे । यो क्रम त्यति बेलासम्म चल्यो जति बेलासम्म नेपाली सेनाले सुरक्षाको जिम्मा लिएन ।

आन्दोलनको क्रममा भएका हत्या-हिंसा र भौतिक संरचनाको क्षति तथा लुटपाटको घटनामा सरकार र आन्दोलनरत जेनजी अभियन्ता मात्र जोडिएका हुन् कि अन्य कुनै अमुक शक्तिको समेत भूमिका रहेको छ भन्ने प्रश्न पनि अहिले सर्वत्र उठ्ने गरेको छ । अनि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिइसकेपछि नेपाली सेनाले सम्पूर्ण सुरक्षाको जिम्मा लिएर सिंहदरबार लगायतका पुरातात्विक महत्वका संरचनाहरु किन संरक्षण गर्न सकेन ? भन्ने प्रश्न पनि उठेका छन् ।

यी सबै प्रश्नका जवाफ समयक्रममा आउने नै छन् । तर अहिलेको अवस्थामा यो विषम परिस्थितिलाई नियन्त्रण गर्दै जेनजी पुस्ताको चाहना र राष्ट्रको आवश्यकताअनुसारको नेतृत्व चयन गरेर प्रजातान्त्रिक ढङ्गले मुलुकलाई अघि बढाउने विकल्प के हो ? भन्ने मुख्य विषय बनेको छ । राष्ट्रपतिले नयाँ विकल्पमा छलफल गर्न वार्ताको आह्वान गरेपछि नेपाली सेनाले समन्वय गरेर वार्ता गराउने तदारुकता देखाएको हो । तर त्यसको लागि जेनजी अभियन्ताले एकमतका साथ स्पष्ट खाका प्रस्तुत गर्नु जरुरी पनि हो । आन्दोलन भड्किएजस्तो वार्ता भड्किने अवस्था बन्यो भने यसले राजनीतिक निकास दिन सक्दैन र देशलाई बीसौं वर्ष पछाडि धकेल्दै पुरानै लयमा लर्खराउने खतरा बढ्छ भन्ने सबैलाई थाहा भएकै पनि हो । तर पनि वार्ताबाट निष्कर्षमा पुग्ने कार्य सुस्त हुन पुग्यो ।

अहिलको अवस्थामा विद्यमान विकृति-विसंगतिको अन्त्य गर्दै मुलुकलाई प्रजातान्त्रिक ढङ्गले अघि बढाउने मुख्य जिम्मेवारी आन्दोलनरत जेनजी अभियन्ता र नेपाली सेनाको काँधमा आएको छ । यो भूमिका सर्वस्वीकार्य ढङ्गले पूरा गर्ने कुरामा जेनजी अभियन्ता र नेपाली सेनाले तत्काल सक्रियता देखाओस् भन्ने आम नेपालीको अपेक्षा रहेको पनि हो । मुलुकमा जति धेरै राजनीतिक भ्याकुम रहन्छ त्यति नै धेरै विकृति-विसंगति फैलने अवसर पाउँछ भन्ने कुरा पनि यथार्थ हो ।

**जेनजी के हो ?**

४८ घण्टाको सेरोफेरोमा अपत्यारिलो विद्रोह सफल भएपछि धेरैले जेनजीको अर्थ र उमेर समूहको बारेमा चासो देखाएका छन् । जेनेरेसन जेड अर्थात् जेनजी सन् १९९७ देखि २०१५ को बीचमा जन्मिएका पुस्ता हुन् । यो हिसाबले जेनजी समूहमा १० देखि २८ वर्ष उमेर समूहका किशोर र युवाहरु पर्दछन् । यो नै पहिलो पुस्ता हो जो सानैदेखि इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालसँगै हुर्किए । जेनजी अभियान स्मार्ट- इन्टरनेट, रचनात्मकता, बोल्ड, रंगीन र सहभागितामूलक हुने गर्छ । जेनजी समूह सामाजिक न्याय, वातावरण, लैङ्गिक समानता र विविधताको विषयमा बढी नै सचेत रहने विश्वास गरिन्छ ।

**विगतको आन्दोलन :**

नेपालमा राजनीतिक परिवर्तनको लागि पटक-पटक आन्दोलन भएका छन् । २०४६/०४७ को जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गर्दै राजासहितको प्रजातन्त्र स्थापना गर्‍यो । कांग्रेस, एमाले, राप्रपालगायतका दलहरु सत्तामा पुगे । नेपाली जनताले त्यो आन्दोलनबाट ठूलो परिवर्तनको अपेक्षा गरेका थिए तर त्यो पूरा हुन सकेन । यही बीचमा नेकपा माओवादीले सशस्त्र जनयुद्ध शुरु गर्‍यो । झन्डै १७ हजार नेपाली मरे । यही बीचमा मुलुकमा ०६२/०६३ को लोकतान्त्रिक आन्दोलन सफल भयो । माओवादीहरु शान्ति सम्झौतासँगै संसदीय राजनीतिमा आए र संसद्बाटै संघीय गणतन्त्र स्थापना गरियो । फेरि कांग्रेस, एमाले, माओवादी, राप्रपालगायतका दलहरु सत्तामा पुगे । यही सेरोफेरोमा अन्य साना दलहरुसँगै राष्ट्रिय स्वतन्त्र पार्टीको पनि उदय भयो । पालैपालो सबै राजनीतिक दलहरु सत्तामा पुगे । तर फेरि पनि मुलुकमा नेपाली जनताले चाहेको परिवर्तन हुन सकेन ।

२०४६/०४७ को राजनीतिक परिवर्तनपछि मुलुकमा भौतिक विकास भए । सीमित मानिसको व्यक्तिगत विकास पनि भयो । तर यही बीचमा भ्रष्टाचार, अनियमितता, नातावाद-कृपावाद मौलाउँदै गयो । व्यक्तिगत तथा संस्थागत मिटरब्याजीको अत्याचारले विपन्न र मध्यम वर्गीय परिवार आर्थिक पीडामा परेर मानसिकरुपमा विच्छिप्त बन्नुपर्ने अवस्था भयो । संघीयताले धेरै नेताहरुलाई सुविधा दिनुपर्ने अवस्था बनेपछि राष्ट्रिय ऋण बढ्दै गयो । यो सबै परिदृश्यको प्रत्यक्ष पीडा जेनजी पुस्ताले भोग्नुपर्‍यो । बालमस्तिष्कले भोगेका ती पीडाले उनीहरुलाई राजनीतिक विद्रोहको लागि भित्रभित्रै तयार बनायो । जसको परिष्कृत रुप बनेर जेनजी आन्दोलन शुरु भयो र ४८ घण्टाको बीचमा मुलुकलाई तहस-नहस गरिदियो । यदि २०४६/०४७ यताको राजनीतिक परिवर्तनपछि राजनीतिक दलहरुले नागरिकको भावनाअनुसार संविधान र ऐन-कानुन परिवर्तन गर्दै विकास र सुशासन कायम गर्न सकेको भए राजनीतिक नेतृत्वमा युवा प्रतिनिधित्वको बहस पनि हुने थिएन र जेनजी आन्दोलनले यो रुप पनि लिने थिएन ।

**अबको निकास :**

जेनजी आन्दोलनले यतिखेर एउटा सुनौलो राजनीतिक परिवर्तनको अवसर दिएको छ । यो परिवर्तनको संघारमा अघिल्ला राजनीतिक परिवर्तनमा जस्तै स्वार्थी समूहले प्रश्रय पाए भने मृतक अभियन्ताको आत्मा र सिंहदरबारबाट फैलिएको आगाको लप्काले फेरि पनि पुस्तौंपुस्तासम्म पिरोल्नेछ । त्यसैले अबको बाटो तय गर्दा गम्भीर हुनै पर्छ । मुलुकमा दलहरुको भूमिका महत्वपूर्ण हुँदाहुँदै केही दलका नेता स्वार्थकेन्द्रित हुन पुग्दा अहिलेको अवस्था निम्तिन पुग्यो । हुन त राजनीतिक परिवर्तनको लागि दलहरुबाटै सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा अन्तरिम सरकार निर्माण गरिनुपर्ने हो । तर अहिलेको परिस्थितिमा यो सम्भव हुन सकेन । आखिर पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त हुनुभएको छ । उहाँको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटनसमेत गरि सक्नुभएको छ । अबको बाटो झनै चुनौतीपूर्ण देखिन्छ । त्यसैले संवैधानिक प्रावधानअनुसार बडो सुझबुझका साथ अघि बढ्नु अपरिहार्य छ ।

नागरिक चाहना तथा राष्ट्रको आवश्यकताअनुसारको परिवर्तनका लागि अबका विकल्प यस्ता हुन सक्छन् :

- शीघ्र अर्थात् अबको ६ महिनाभित्र निर्वाचन ।
- संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी (राष्ट्रपति वा प्रधानमन्त्री) को व्यवस्था ।
- नीति निर्माणको लागि सानो आकारको प्रतिनिधि सभाको व्यवस्था र समानुपातिक व्यवस्था खारेज ।
- निःशुल्क शिक्षा, स्वास्थ्य र योग्यताअनुसारको रोजगारीको ग्यारेन्टीसहितको संवैधानिक व्यवस्था ।
- जमिनको राष्ट्रियकरण ।
- सम्पूर्ण नेता, कर्मचारीलगायतको सम्पत्ति छानबिन र स्रोत नखुल्ने सम्पत्तिको राष्ट्रियकरण ।
- व्यक्तिगत तथा संस्थागत मिटरब्याजीको अन्त्य ।
- अधिकार सम्पन्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग को गठन, (जहाँका कर्मचारी अन्यत्र सरुवा नहुने व्यवस्था गरिनुपर्छ ।
- उद्योग व्यवसाय सञ्चालन, कृषि उत्पादन र बजार व्यवस्थापनमा सरकारको नीतिगत सहकार्य ।
- प्रदेश संरचना खारेज गर्दै स्थानीय संरचनालाई थप बलियो बनाउन वडालाई पनि आर्थिक अधिकार ।

नागरिकका अपेक्षा पनि यिनै हुन् । बहसका केही विषय पनि हुन् यी । यी अपेक्षा पूरा गर्ने क्रममा संविधान, ऐन-कानुन निर्माण एवं संशोधनका लागि जनस्तरमा छलफल चलाउँदै, सुधार गर्दै लानुपर्छ । संविधान संशोधनको लागि राजनीतिज्ञ, मजदुर, कृषक, विद्यार्थी, व्यवसायी, नागरिक समाज, गृहिणी, विज्ञ कानुन व्यवसायी, विषयगत विज्ञ, कर्मचारी सबैको प्रतिनिधित्व हुने समिति निर्माण गर्नुपर्छ र थप विषयहरुमा समेत छलफल गरेर 'कानुनको लागि जनता हैन, जनताका लागि कानुन' हुने संविधान निर्माण गर्नुपर्छ । त्यही संविधानको भावनाअनुसार मुलुक अघि बढ्नुपर्छ ।

जेनजी आन्दोलनको असर खेलकुदमा:

# काभा नेसन्स लिग स्थगित, फ्रेन्चाइज भलिबल बिचमै रोकियो




काठमाडौं/यदि सबै अवस्था सामान्य हुन्थ्यो भने एभरेष्ट महिला भलिबल लिगको दोस्रो संस्करण सम्पन्न भइसकेको हुने थियो । नेपाल र बंगलादेशबीचको दोस्रो मैत्रीपूर्ण फुटबल खेल पनि हुने थियो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको लागि तयारी पनि चलिरहेको हुन्थ्यो ।

तर गत साताको जेनजी आन्दोलन र त्यसपछि उत्पन्न विषम परिस्थितीका कारण अहिले समग्र देशमा नै असर गर्दा नेपाली खेलकुद क्षेत्र पनि यसबाट प्रभावित बनेको छ । पोखरामा सञ्चालन भइरहेको एभरेष्ट महिला भलिबल लिग बिचमै रोकिँदा आसन्न केही प्रतियोगिताहरु पनि स्थगित भएका छन् । यसले तत्कालका लागि मात्र नभएर नेपाली खेलकुदमा दुरगामी रुपमै असर पार्ने देखिन्छ । भविष्यमा यसको असर कति पर्छ भन्ने कुरा समयले नै देखाउनेछ ।

**फुटबल खेल रद्ध**

जेनजी पुस्ताले भदौ २३ गते भ्रष्टाचार विरुद्ध गरेको आन्दोलनका लागि भदौ २४ गते तय भएको नेपाल र बंगलादेशबीचको दोस्रो मैत्रीपूर्ण खेल रद्द भयो । अखिल नेपाल फुटबल संघले विषम परिस्थितका कारण उक्त खेल रद्द गरेको थियो । भदौ २१ गते भएको नेपाल र बंगलदेशबीचको पहिलो मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा सकिएको थियो ।

दोस्रो मैत्रीपूर्ण खेल रद्भ भएपछि बंगलादेशी टोली पनि समयमै स्वदेश फर्कन पाएन । अन्तिममा विशेष विमानमार्फट चार्टर गरेर टोलीलाई बंगलादेश लगियो । एएफसी यू-२३ एसियन कप छनोट खेल्न ताजिकिस्तान पुगेको नेपाली यू-२३ फुटबल टोली पनि समयमा घर फर्कन पाएन । आन्दोलनका कारण निर्धारित समयमा नेपाल आउने उडान नपाउँदा नेपाली टोली दुई दिनपछि मात्र नेपाल आइपुगेको थियो ।

**एभरेष्ट महिला भलिबल लिग स्थगित**

इन्फिनिटी ड्रिम्सको आयोजनामा भदौ २० गतेदेखि पोखरामा वात्सल्य एभरेष्ट महिला भलिबल लिगको दोस्रो संस्करण सुरु भएको थियो । ६ टोली सहभागी लिगको भदौ २८ गते फाइनल हुने तय थियो ।

तर आन्दोलन सुरु भएको दिन भदौ २३ गतेसम्म खेल सञ्चालन भएपनि २४ गतेदेखिको खेल भने प्रभावित बन्यो । जसले गर्दा लिगको खेलहरु अघि बढ्न सकेन । आयोजकले पाँचौ दिन देखि नै प्रतियोगिता तत्कालका लागि स्थगित गऱ्यो । तर आन्दोलनको प्रभाव बढ्दै जाँदा थप खेल हुन सकेन ।

चार दिनमा लिग चरणको ९ खेल सम्पन्न भयो । फाइनलसहित बाँकी ७ खेल हुन सकेन । केही टिम बसेको होटलमा आन्दोलनकारीले आगो लगाउँदा खेलाडीहरु नै असुरक्षित महसुस गरेका थिए । त्यस्तो अवस्थामा आयोजकले फ्रेन्चाइज टिम लगायत यसमा संलग्न सबैलाई बिहीबार काठमाडौं फर्काएर लिग खेल्न आएका विदेशी खेलाडीहरुलाई समेत आफ्नो देश फर्काइसकेको छ । लिग खेल्न थाइल्याण्ड देखि ब्राजिलसम्मका १८ विदेशी पोखरा जम्मा भएका थिए ।

इन्फिनिटी ड्रिम्सले आइतबार प्रेस विज्ञप्ती सार्वजनिक गर्दै सबै विदेशी, स्वदेशी खेलाडीहरु घर फर्किसकेको जनाएको छ । साथै आयोजकले सुरक्षा र उपलब्धतालाई प्राथमिकतामा राखेर लिगको बाँकी खेलहरु रोकिएकै अवस्थाबाट फेरि सुरु गरिने पनि जनाएको छ । सहभागि फ्रेन्चाइज, नेपाल भलिबल संघ, स्पोनसरहरुसँग छलफल गरेर नयाँ मिति सार्वजनिक गरिने आयोजकले जनाएको छ ।

**काभा महिला नेसन्स लिग पनि स्थगित**

जेनजी आन्दोलनका कारण अहिले सबैभन्दा बढी प्रभाव भलिबलमै परेको छ । भलिबल नेपालको राष्ट्रिय खेल हो र फ्रेन्चाइज लिगसँगै नेपालले विभिन्न अन्तर्राष्ट्रिय भलबिल प्रतियोगितामा सहभागि जनाउने तालिका थियो । त्यसमा पनि नेपालले आगामी नोभेम्बरमा आफैँ काभाको एक प्रतियोगिता समेत आयोजना गर्ने तय थियो ।

आगामी नोभेम्बर १५ देखि २२सम्म काठमाडौंको टुडिँखेलमा आउटडोरमा गर्ने भनिएको काभा महिला नेसन्स लिग पनि स्थगित भएको छ । शनिवार भर्चुअल रुपमा बसेको काभाको बोर्ड अफ एडमिनेस्ट्रेसन बैठकले नेपालको वर्षमान अवस्थाका कारण काभा महिला नेसन्स लिग स्थगित गर्ने निर्णय गरेको जनाएको छ । यस्तै अवस्था सामान्य भएपछि प्रतियोगिताको नयाँ मिति तोकिने पनि काभाले जनाएको छ ।

नेपाल भलिबल संघले पनि काभा महिला नेसन्स लिग स्थगित भएको जनाएको छ । यस्तै नेपालको पुरुष टोलीले खेल्ने काभा पुरुष नेसन्स लिग र काभा यू१९ महिला च्याम्पियनसिपमा भने सहभागिता जनाउने नेपाल भलिबल संघले जनाएको छ । पुरुष राष्ट्रिय टोली र यू१९ महिला भलिबल टोलीको प्रशिक्षण छिटै सुरु गर्ने पनि भलिबल संघले जनाएको छ ।

**अन्य खेल गतिविधिमा पनि असर**

आन्दोलनकै असरका कारण आउँदै गरेका र भइरहेका विभिन्न खेल गतिविधिहरु पनि प्रभावित बनेका छन् । संविधान दिवसका दिन असोज ३ गते हुँदै आएको नेपालगन्ज १० नाइट रन स्थगित गरिएको छ । नाइट रन आयोजक समितिले आइतबार विज्ञप्ती जारी गर्दे देशको विषम परस्थितिका कारण अर्को सुचना नभएसम्मका लागि नाइट रन स्थगित गरिएको जनाएको छ ।

भदौ २७ गते पोखरामा तय भएको नेपाल भलिबल संघको १२औं वार्षिक साधारण सभा पनि आन्दोलकै कारण स्थगित भयो । नेपाल भलिबल संघले विज्ञप्ती जारी गर्दै अर्को सुचना जारी नहुन्जेलसम्मको लागि साधारण सभा स्थगित गरिएको जनाएको छ । यस्तै नेपाल क्रिकेट संघ (क्यान) ले सुरु गरेको नेपाल प्रिमियर लिगको ट्रफी टुर कार्यक्रम पनि स्थगित भएको छ । क्यानले विराटनगरदेखि ट्रफी टुरको सुरुवात गरेको थियो ।

नेपाल खेलकुद पत्रकार मञ्चले हरेक वर्ष आयोजना गर्दै आएको नेपाली खेल क्षेत्रकै प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको २२औं संस्करण पनि जेनजी आन्दोलनले गर्दा प्रभावित बन्यो ।

पहिलो पटक काठमाडौं बाहिर स्पोर्ट्स अवार्ड आयोजना गर्ने तयारी गरेको मञ्चले भदौ २९ गते पोखरामा अवार्ड गर्ने तय गरेको थियो । तर जेनजी पुस्ताको आन्दोलन र देशमा सिर्जित पछिल्लो घटनाक्रमका कारण अवस्था सामान्य नभएकोले स्पोर्ट्स अवार्ड आयोजना गर्नु सान्दर्भिक नहुने भन्दै मञ्चले प्रेस विज्ञप्ती जारी गर्दै अवार्ड स्थगित भएको जानकारी दिएको छ । स्थिती सहज भएपछि अवार्ड आयोजनाको नयाँ मिति तय गरिने मञ्चले जनाएको छ ।

स्पोर्ट्स कमेन्टेटर हेमराज हमाल अहिलेको आन्दोलनले नेपाली खेलकुद क्षेत्रमा ठूलो असर पारेको बताउँछन् । 'नेपाली खेलकुदमा यो ठूलो धक्का हो । यसले खेलाडी देखि सम्पूर्ण खेलकर्मीलाई असर पुऱ्याएको छ' हमालले भने, 'हामी जस्तो फ्रिलान्सिङ काम गर्ने खेलकुदसँग जोडिएका युवा हरुका लागि अब के गर्ने ? कसरी अघि बढ्ने? भन्ने डर छ । भविष्य असुरक्षित बनेको छ।'

यसको असर लामो समयसम्म पर्ने भन्दै आउने दिनमा नेपाली खेलकुदलाई सहज अवस्थामा फर्काउनका लागि खेलकुदका सरोकारवाला निकायहरुले विशेष जोड दिनुपर्ने हमालले बताए ।

'अब आउने दिनमा यसलाई कसरी न्युनिकरण गरेर सहजतापूर्वक अघि बढाउने भन्नेमा ध्यानदिनुपर्छ, जसले स्पोर्ट्स ईकोनोमीलाई पनि केही राहत पुऱ्याओस्' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# बीमाक्षेत्रमा मात्रै २० अर्ब रुपैयाँ बढीको दाबी पर्नसक्ने अनुमान

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/जेनजी आन्दोलनका क्रममा राजधानी काठमाडौंसहित देशका विभिन्न सहरमा तोडफोड, आगजनी र लुटपाट हुँदा निजी तथा व्यावसायिक क्षेत्रमा खबौं रुपैयाँबराबरको क्षति भएको छ । यसले बीमाक्षेत्रमा मात्रै २० अर्ब रुपैयाँभन्दा बढीको दाबी पर्न सक्ने अनुमान गरिएको छ ।


नेपाल बीमा प्राधिकरणले आइतबारदेखि सबै बीमा कम्पनीलाई पूर्ववत्रुपमा कार्यालय सञ्चालनमा ल्याउन निर्देशन दिएको थियो । प्राधिकरणले विगत केही दिनदेखि उत्पन्न विषम परिस्थिति हाल सामान्य बन्दै गएकाले पूर्ववत् कार्यालय सञ्चालनमा ल्याउन आग्रह गरेको हो । सुरक्षा निकायले कर्फ्यू र निषेधाज्ञा हटाउँदै लगेकाले सम्पूर्ण बीमा कम्पनी र तिनका शाखा कार्यालय पूर्णरुपमा सञ्चालन गर्न आग्रह गरेको हो ।

प्राधिकरणले भौतिकरुपमै कार्यालयमा उपस्थित भई कार्य गर्न गराउन अनुरोध गरेको सूचनामा उल्लेख छ । यसअघि प्राधिकरणले यही भदौ २३ र २४ गतेको आन्दोलन तथा प्रदर्शनका कारण भएको क्षतिको बीमादाबी भुक्तानीको कामलाई सहज र सरल बनाउन निर्देशन दिइसकेको छ । आन्दोलनकारीले भाटभटेनी सुपरमार्केटलाई सबैभन्दा ठूलो निसाना बनाए । काठमाडौं उपत्यकाका नक्साल, महाराजगञ्ज, बौद्ध, कोटेश्वर, राधेराधे, कलंकीलगायत १४ शाखामा आगजनी र लुटपाट हुँदा सबै संरचना ध्वस्त बने । विराटनगर, पोखरा, हेटौंडा, धरान, दमक, बिर्तामोड र भरतपुरका शाखा पनि आक्रमणमा परे । भाटभटेनीको मात्र अबौंको क्षति भएको छ ।

हिल्टन होटल, एनसेलको केन्द्रीय कार्यालय, ग्लोबल कलेज, सेन्ट्रल बिजनेस पार्क, थापाथलीस्थित हुन्डाई, सुजुकी र टाटा मोटर्सका शोरुममा आगजनी हुँदा करोडौंको सम्पत्ति नष्ट भएको छ । चौधरी ग्रुपको सतुंगलस्थित डिजिटल पार्क, कारखाना र शोरुममा क्षति पुगेको छ । सांसद विनोद चौधरीको र विभवनस्थित निवासमा भएको आगजनीमा घरसहित आधा दर्जन गाडी खरानी बनेका छन् । बसन्त चौधरीको ठमेलस्थित घरमा पनि तोडफोड भएको छ । नेपाल बीमा प्राधिकरणका अनुसार बीमादाबी हुलदंगा तथा आतंकवाद जोखिम अन्तर्गत् पर्ने भएकाले दाबी भुक्तानीको ठूलो भार नेपाल पुनर्बीमा कम्पनीमाथि पर्नेछ ।

बीमा कम्पनीले यो जोखिममा ३५ प्रतिशत दायित्व आफूसँग राख्ने र बाँकी ६५ प्रतिशत नेपाल पुनर्बीमामा हस्तान्तरण गर्ने व्यवस्था छ । यसरी ठूलो क्षतिहुँदा पुनर्बीमा कम्पनीलाई अबौं रुपैयाँको दाबी भुक्तानी गर्नुपर्ने देखिएको छ । बीमा कम्पनीले बीमित सम्पत्तिको क्षति विवरण संकलन सुरु गरिसकेका छन् । बीमा कम्पनीको छाता संगठन नेपाल बीमक संघले आपतकालीन बैठक बसेर महाभूकम्प २०७२ भन्दा ठूलो दाबी पर्न सक्ने निष्कर्ष निकालेको हो । संघले जारी गरेको विज्ञप्तिमा दाबी व्यवस्थापन चुनौतीपूर्ण भएपनि कम्पनीहरु यसका लागि सक्षम र प्रतिबद्ध रहेको उल्लेख छ ।

# जेनजी आन्दोलनपछि बन्द हलहरू सोमबारबाट खुल्ने



काठमाडौं/जेनजीको आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिका कारण ६ दिनदेखि बन्द रहेका देशभरका हलहरू सोमबारबाट खुल्ने भएका छन् । आइतबार बसेको नेपाल चलचित्र संघको बैठकले सुरक्षा सतर्कता अपनाउँदै हल खोल्ने निर्णय गरेको हो । गत सोमबार जेनजी आन्दोलनमा १९ जनाको मृत्यु भएपछि संघले अनिश्चितकालका लागि हल बन्द गर्ने निर्णय गरेको थियो ।

चलचित्र संघका अनुसार आन्दोलनको क्रममा आगजनी हुँदा क्षतिग्रस्त बनेको विराटनगरको क्यूएफएक्स हलबाहेक अरु हलहरू सोमबारबाट सञ्चालनमा आउनेछन् । विराटनगरको क्यूएफएक्स हल जलेर पूर्ण रूपमा ध्वस्त भएको छ, जुन १५ करोडको लागतमा बनेको थियो । योसहित अन्य चारवटा हलमा पनि आगजनी र तोडफोड हुँदा १७ करोडको क्षति भएको जनाइएको छ ।

संघले हल खोल्ने निर्णयसँगै राति १० बजेभित्र बन्द गर्न निर्देशन दिएको खबरमा भने सत्यता नरहेको संघका उपाध्यक्ष गोपालकाजी कायस्थले जानकारी दिए । उनले भने, 'संघले १० बजेभित्र हल बन्द गर्न निर्देशन दिएको छैन । सुरक्षा सतर्कता अपनाउँदै हल सञ्चालन गर्न मात्र भनेको छ ।' संघका अध्यक्ष नरेन्द्र महर्जनले पनि १० बजेभित्र हल बन्द गर्ने निर्णय नभएको बताए ।

सोमबारबाट हलहरू सञ्चालनमा आएसँगै 'रिमै', 'कोशेढुंगा', 'माग्ने राजा', 'जनै हराएको मान्छे', 'मोहर', 'गुन्यो चोलो', 'बागी ४' लगायतका फिल्मको प्रदर्शनलाई निरन्तरता दिइने जनाइएको छ । जेनजी आन्दोलनका कारण हलहरु बन्द हुँदा सबैभन्दा मारमा 'रिमै' परेको थियो । यो फिल्म रिलिज भएको तीन दिन मात्र भएको थियो ।

# सेयर बजारमा ठूला संकटपछि बनेका छन् रेकर्ड, दोहोरिएला यसपटक ?




काठमाडौं/भदौ २३ र २४ गते देशमा भएको विध्वंस घटनापछि मुलुक संसदविहीन, संक्रमणकालीन अवस्थामा छ । जेनजी प्रदर्शनले संसद भवन, सिंहदरबार, बालुवाटार कब्जासँगै आगजनी गरे । सत्ता उलटफेर भयो । प्रतिनिधि सभा भंग गरी संसदबाहिरबाट शुशीला कार्की नेतृत्वमा अन्तरिम सरकार गठन भयो । यो संकटकालीन अवस्थाले सेयर बजार यतिबेला बन्द छ । एक साताभन्दा बढी समय रोकिएको कारोबार बजार खुलेपछि के होला भन्ने आम जिज्ञासा छ ।

धितोपत्र सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन २०६३ को दफा ९० ले बजारलाई बढीमा ५ दिनसम्म मात्रै बन्द गर्न सकिने परिकल्पना गरेको छ । तर विगतमा पनि भूकम्प तथा कोरोना महामारीका बेला केही महिना नै बजार बन्द गरिएको इतिहास छ। भूकम्पपछि एक महिना बजार बन्द भयो । कोरोना महामारीपछि भने ३ महिनाभन्दा लामो समय बजार बन्द रह्यो । हाल सेयर बजारसँग सम्बन्धित सबै सिस्टम तथा डेटा सेन्टर सुरक्षित रहेकाले कारोबारमा असहज छैन । 'एक ठाउँ मात्रै नभएर भिन्न भिन्न क्षेत्रमा डेटा सेन्टर राखिएको हुन्छ,' नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले भने 'कारोबार गर्न असहज छैन ।'

तर लगानीकर्ताले नै बजार बन्द गर्न दबाब दिएपछि करिब १० दिन कारोबार रोकिएको छ । लगानीकर्ता तिलक कोइराला बजार तत्काल नखुलाई, सकारात्मक सन्देश जानेगरी गृहकार्य गरेर मात्रै सञ्चालन गर्नुपर्ने बताउँछन् । 'यस्तो बेला धेरै लगानीकर्ताको भावना नकारात्मक बनेको छ' उनले भने 'त्यसकारण तत्कालै गर्न सकिने सकरात्मक केही काम अघि बढाएर बजार सञ्चालन गर्न सकिन्छ ।' अन्यथा बजार सुरुमा धेरै नै त्रसित भएर भारी मात्रामा घट्न सक्ने जोखिम रहेको उनी बताउँछन्।

उनीजस्तै यतिबेला धेरै लगानीकर्ता बजार खुलेपछि उच्च दरले घट्ने त्रासमा छन् । 'त्रसित वातावरण केही मत्थर भएपछि मात्रै कारोबार उपयुक्त हुन्छ' उनले भने । त्रसित वातावरणमा माग पक्ष झन् कमजोर भएर बजार अस्वभाविक घट्न सक्ने डर लगानीकर्तामा छ ।

तर विगतका इतिहास हेर्दा ठूला संकटपछि बजार केही दिन घटे पनि दुई/तीन सातामै सम्हालिएर बढ्दै गई रेकर्ड बनेका उदाहरण छन् । बजारप्रति धेरै नकारात्मक हुँदा गुमाउने जोखिम नै बढी हुन्छ । यसअघि २०७२ सालमा गएको भूकम्प तथा नाकाबन्दीलाई हेरौं । वैशाखमा गएको भूकम्पपछि सेयर बजार करिब १ महिना बन्द रह्यो । भूकम्पअघि वैशाख ९ गते ९४० हाराहारीमा रहेको बजार एक महिनापछि मात्रै खुल्यो । बजार खुलेपछि त्रसित वातावरणले एक सातामै ८३० अंकसम्म ओर्लियो ।

त्यसपछि उकालो लाग्दै सोही वर्षको भदौ २९ गते १२०० अंकसम्म पुग्यो । सोही वर्षको असोजदेखि भारतले नाकाबन्दी गऱ्यो । नाकाबन्दी सुरु हुँदा बजार करिब ११३० अंकमा झरेको थियो । नाकाबन्दी भए पनि बजार भने बढ्न थाल्यो । यो नाकाबन्दी करिब ६ महिनासम्म लम्बियो । नाकाबन्दीका कारण आयात ठप्प भयो, जसले गर्दा पैसाजति सेयर बजारमा भित्रियो । पैसाजति सेयर बजारमा आएपछि २०७३ को साउन १२ गते त्यसअघिका सबै रेकर्ड तोडियो र नेप्सेले १८८१ अंकको उच्चतम रेकर्ड बनायो ।

त्यसपछि फेरि 'बियरिस' चरणमा गएको बजार २०७५ माघमा करिब ११३० अंकसम्म झऱ्यो । बजार केही महिना नै ११३० देखि १३०० को बीचमा घुमिरह्यो ।

कोरोनाका बेला पटक पटक कारोबार रोकियो । २०७६ माघमा पहिलो पटक यहाँ कोरोना देखा पऱ्यो । चैतदेखि विकराल रुप लियो चैत ९ गतेदेखि सेयर बजार बन्द गरियो, वैशाख ३० र ३१ गते कारोबार सुरु भए पनि फेरि बन्द गरियो । असार १५ गतेबाट कारोबार सुरु भयो । चैत ९ गते नेप्से परिसूचक करिब १२५० अंकमा रहेको थियो । त्यसपछि केही दिन घटेको नेप्से कोरोना महामारी कायम रहँदा नै २०७७ असार १६ गतेदेखि नै बढ्न थालेको तथ्यांकले देखाउँछ । ट्रेन्डमा 'हायर हाइ, हायर लो' हुँदै बजारले एक वर्षपछि २०७८ भदौ २ गते अर्को रेकर्ड कोऱ्यो- ३१९८ अंकको ।

सो रेकर्ड आजसम्म कायम छ । २०७३ साउनमा बनेको १८८१ अंकको रेकर्ड तोडिँदै करिब ५ वर्षपछि २०७८ भदौ २ गते ३१९८ अंक रेकर्ड बन्यो । त्यसको करिब ४ वर्ष व्यतित भइसकेको छ ।


५-५ वर्षपछि बजारले नयाँ रेकर्ड बनेको इतिहास दोहोरिने हो भने अब एक वर्षमा बजारले फेरि अर्को उचाइ लिन सक्नेछ ।

'भूकम्प तथा कोरोना संकटपछि बजार बढेको इतिहास छ, यसपटक पनि नदोहोरिएला भन्न सकिन्न,' स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्व अध्यक्ष भरत रानाभाटले भने । भूकम्प र कोरोना महामारीपछि आयात खुम्चिएको र पैसा सेयर बजारतिर मोडिएको उनले बताए । लगानीकर्ता सुभासचन्द्र ढुंगाना पनि बजारले यो संकटपछि नयाँ रेकर्ड बनाउन सक्ने बताउँछन् । यद्यपि संकट लगत्तै खुल्ने बजारले केही दिन त्रसित पार्ने गरेको छ । 'विगतमा भूकम्प र कोरोनापछि नयाँ रेकर्ड बनेका छन्, इतिहास सधैं दोहोरिन्छ भन्ने त छैन, तर बजारप्रति विश्वास कायम छ' उनले भने ।

भूकम्प र कोरोनापछि लामो समयसम्म आयात प्रभावित भयो, अन्य क्षेत्रमा लगानी गर्न जोखिम ठानियो, जसले गर्दा पैसा बजारमा आयो र नयाँ रेकर्ड बने । यतिबेला भने आयात प्रभावित हुने अवस्था छैन । दसैं, तिहार, छठजस्ता पर्व नजिकिएकाले आयात बढ्ने बेला छ । चाडपर्वपछि भने बजारले राम्रो गति लिन सक्ने ढुंगाना बताउँछन् । 'मंसिरसम्म बजार केही घट्ने वा साइडवेजमा रहन सक्छ' उनले भने । असोज महिना चाडपर्वसँगै बैंकको साँवा, ब्याज भुक्तानी गर्ने समय भएकाले बजारलाई दवाव रहन्छ । प्रतिनिधिसभा विघटन गर्दै आगामी फागुन २१ गतेका लागि चुनाब घोषणा गरिएको छ । ६ महिनामै चुनाब हुनेमा विश्वसनीय आधार बनिसकेका छैनन् । अर्कोतर्फ राजनीतिक दलहरुले संसद विघटनको विरोध जनाएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# संकटमा टाइगर श्रोफ, 'बागी ४' पनि फ्लप



काठमाडौं/बलिउड अभिनेता टाइगर श्रोफको करिअर यतिबेला संकटमा छ । श्रृंखलाबद्ध रुपमा उनका फिल्महरु असफल भइरहेका छन् । गएको ५ वर्षमा उनले एउटा पनि हिट फिल्म पाएका छैनन् । उनको पछिल्लो सफल फिलम 'वार' थियो, जुन सन् २०१९ मा रिलिज भएको थियो । सन् २०२० मा आएको 'बागी ३' भने औसत रह्यो । यसपछि उनका फिलमको असफलताको श्रृंखला रोकिएको छैन ।

'हिरोपन्ती २', 'गणपत', 'बढे मियाँ छोटे मियाँ' र अब टाइगरको नयाँ फिल्म 'बागी ४' पनि असफल भएको छ । गत सेप्टेम्बर ५ मा रिलिज भएको यो फिल्मले पहिलो हप्ता सुखद व्यापार गरेको भए पनि दोस्रो हप्तापछि बक्स अफिसमा कमजोर प्रदर्शन गरिरहेको छ । दोस्रो हप्ताको शनिबारसम्म फिल्मले ४६ करोड नेट कमाएको छ । पहिलो हप्ता फिल्मको व्यापार ४४ करोड ५ लाख थियो ।

शनिबार ८४ लाख मात्र कमाइ गरेको 'बागी ४'ले अब लगानी उठाउन असम्भव देखिन्छ । यो फिल्म ८० करोडको लागतमा बनेको हो । अब फिल्मको व्यापार लाखमा झरेकाले बढीमा ५० करोड कमाउन सक्ने आँकलन गरिएको छ । भारतीय मिडियाका अनुसार फिल्मका निर्मातालाई हलको कमाइबाट घाटा भए पनि ओटीटी र स्याटेलाइट राइट्सबाट लगानी भने सुरक्षित भएको छ ।

लभस्टोरी र एक्सन विधामा बनेको 'बागी ४'मा टाइगर सहित सञ्जय दत्त, हरनाज सन्धु, सोनम बाजवा, सौरभ सचदेवा लगायतको अभिनय छ ।

कन्नड भाषी ए. हर्षले निर्देशन गरेको यो फिल्मका निर्माता साजिद नाडियाडवाला हुन् । 'बागी ४'अघि साजिदका 'सिकन्दर' र 'हाउसफुल ५' पनि असफल भएका थिए । एक वर्षमै तीन फिल्म फ्लप हुँदा उनी ठूलो आर्थिक संकटमा परेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### जेनजी आन्दोलनमा मृत्यु भएकालाई शहीद घोषणा, मृतक परिवारले जनही १० लाख पाउने

# छानीछानी आगजनी गर्नेलाई नेपाली भन्न सकिँदैन: प्रधानमन्त्री कार्की

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/जेनजी पुस्ताको आन्दोलनको क्रममा मृत्यु भएकाहरुलाई सरकारले शहीद घोषणा गरेको छ । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले पदभार ग्रहण गर्दै आन्दोलनमा मृत्यु भएकाहरुलाई शहीद घोषणा गरी प्रत्येकका परिवारलाई १० लाख रुपैयाँको दरले राहत दिने निर्णयमा हस्ताक्षर गरेको मुख्यसचिव एकनारायण अर्यालले जानकारी दिए ।

भदौ २३ र २४ गते भएको जेनजी युवाको आन्दोलनका क्रममा ५१ जना प्रदर्शनकारी, १० जना कैदीबन्दी र ३ जना सुरक्षाकर्मी गरी ७२ जनाको मृत्यु भएको छ । प्रधानमन्त्री कार्कीले आईतवार विहान साढे ११ बजे सिंहदरबार स्थित गृह मन्त्रालयको नयाँ भवनमा पदभारग्रहण गरेकी हुन् । नवनियुक्त प्रधानमन्त्री कार्कीले मुलुकको अत्यन्त आवश्यक संस्थाहरु छानीछानी आगजानी गरिएको बताएकी छिन् । सिंहदरबारमा आईतवार प्रधानमन्त्रीको पदभार ग्रहणपश्चात आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले सुरक्षा निकाय, अदालत, प्रशासनिक भवनहरुमा आगजानी हुँदा महत्वपूर्ण कागजातहरु नष्ट भएको बताइन् ।



यो देखेर आफूलाई लाज लागेको पनि उनले बताइन् । नेपाली भएर कसैले यस्तो काम गर्छ ? भन्ने उनको प्रश्न छ । प्रधानमन्त्री कार्कीले सरकारी संस्थामा आगजानी गर्नेलाई नेपाली भन्न नसकिने बताइन् । उनले यसप्रकारको घटना पहिलोपटक भएको पनि उल्लेख गरिन् । उनले पूर्वतयारीअनुसार नै यस किसिमको घटना भएको आशंका गरिन् । प्रधानमन्त्री कार्कीले आगजानी गर्नेलाई अनुसन्धान गरेर कारबाहीको दायरमा ल्याउने जानकारी दिइन् । 'हाम्रै सिंहदरबारभित्रका पनि कयौं त्यस्तो पुराना फाईलहरु थिए, ती नष्ट भएर गए । बडो आश्चर्यको कुरा छ कि किन अत्यन्त आवश्यक संस्थाहरु यो देशको, जसले चाहिँ शासन चलाएको छ, ती भवनहरु, ती मिसिल, कागजहरुबाट त्यो हाम्रो नष्ट भयो । मलाई यो देखेर लाज पनि लागेको छ ।

नेपाली नै भएर यो काम गरेको हो भने तिनलाई नेपाली कसरी भन्ने ? मान्छेले ज्यान मार्छ, भवनहरु लुट्ला भत्काउला बेग्लै कुरा भयो तर, यो घटना त मलाई लाग्छ देशमा नै पहिलोपटक भएको हो' उनले भनिन्, 'यस किसिमबाट अहिले हाम्रो संस्थाहरु अनुहार देखाउन नसक्ने अवस्था बनाएर क्षति गरेको छ । मलाई लाग्छ, यो पूर्वतयारीअनुसार षड्यन्त्र नै भएको हो की ? यो अनुसन्धान हुन बाँकी छ । अनुसन्धान गरेर यसरी प्रहार गर्नेहरुलाई, नोक्शान गर्नेहरुलाई अपरिहार्य वस्तुलाई माटोमा मिलाउने काम गरिएको छ । त्यसलाई छोड्नुपर्ने अवस्था छैन, कारबाही हुनुपर्छ ।'

यसैगरी प्रधानमन्त्री कार्कीले सरकारी तथा निजी क्षेत्रमा भएको आगजनी र क्षतिप्रति दु:ख व्यक्त गर्दै अब अघि बढ्न निजी क्षेत्रलाई राज्यले सहयोग गर्ने आश्वासन दिइन् । निजी क्षेत्रमा भएको क्षतिको आँकलन गरी सफ्टलोनदेखि अन्य सहयोग गर्न सरकार तयार हुने उनले बताइन् । प्रधानमन्त्री कार्कीले क्षतिका बाबजुत निजी क्षेत्रले अघि बढ्ने प्रण गरेकोमा प्रशंसा गरिन् । उनले २४ गते आतंक फैलाएको र त्यसको छानवीन हुने बताइन् । यसैगरी प्रधानमन्त्री कार्कीले युवा पुस्ताको सोचअनुसार आफूले काम गर्ने बताइन् ।

युवा पुस्ताले २७ घण्टाको आन्दोलनबाट विश्वमा नै नभएको कायापलट नेपालमा गरेको उल्लेख गर्दै उनले उनीहरुको सोच अनुसार आफूले काम गर्ने प्रतिवद्धता व्यक्त गरिन् । प्रधानमन्त्री कार्कीले भ्रष्टाचारको अन्त्य, सुशासन र आर्थिक समानताका कुराहरु नै जेनजी आन्दोलनको मुख्य माग रहेकाले त्यो पूरा गर्ने अठोटका साथ अघि बढ्नुपर्ने अवस्था रहेको पनि स्पष्ट पारिन् । उनले आन्दोलनका क्रममा भएका क्षतिको मूल्यांकन गर्दै सरकार अघि बढ्ने कार्ययोजना तय गरिएको पनि बताइन् । प्रधानमन्त्री कार्कीले आन्दोलनको क्रममा ज्यान गुमाएका परिवारहरुसँग पनि आफूले भेटेको उल्लेख गर्दै उनीहरुको पीडालाई सम्बोधन गर्ने बताइन् ।

# 'सर्वोच्चको पूर्ववर्ती फैसलाविपरीत प्रतिनिधिसभा विघटन भयो'

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ नेपाली कांग्रेसले सभापति शेरबहादुर देउवा र केन्द्रीय सदस्य आरजु राणामाथि अमानवीय र बर्बरतापूर्ण आक्रमण भएको बताएको छ ।

भदौ २४ गते जेनजी आन्दोलनका क्रममा बूढानीलकण्ठस्थित घरभित्रै रहेका सभापति देउवा र तत्कालीन परराष्ट्र मन्त्री आरजुमाथि प्रदर्शनकारीले कुटपिट गरेका थिए । शेरबहादुर र आरजुमाथि भएको कुटपिटसम्बन्धी भिडिओहरु सामाजिक सञ्जालमा भाइरल छन् । देउवा दम्पत्ति अहिले पनि उपचाररत छन् । उपसभापति पूर्णबहादुर खड्काले आइतबार विज्ञप्ति निकालेर 'लोकतन्त्रका लागि जीवनपर्यन्त अविचलित रुपमा संघर्ष गरेका पार्टीका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पार्टीका केन्द्रीय सदस्य आरजु राणा देउवा माथिको अमानवीय र बर्बरतापूर्ण भौतिक आक्रमण निन्दनीय एवम् भर्त्सनायोग्य छ । उहाँहरु उपचारको क्रममा रहनु भएकोले शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं' भनेका छन् ।



यसअघि उपसभापति खड्काको संयोजकत्वमा शुक्रबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले सभापतिमाथि भएको आक्रमण र स्वास्थ्यलाभसम्बन्धी केही कुरा नलेखेको भन्दै आलोचना भएको थियो । उपसभापति खड्काले मुलुकमा विकसित घटनाक्रम सम्बन्धमा नेपाली कांग्रेसले निरन्तर आफ्नो दृष्टिकोण सार्वजनिक गर्दै आइरहेको पनि उल्लेख गरेका छन् । 'जेएनजी पुस्ताको प्रदर्शन, प्रदर्शनको क्रममा भएको मृत्यु एवम् खर्बौंको भौतिक संरचनाको विनाश, कांग्रेस सभापति शेरबहादुर देउवा, नेपाली कांग्रेसका केन्द्रीय सदस्य, परराष्ट्रमन्त्री आरजु राणादेउवा र अन्य कयौं राजनीतिक नेतृत्व माथिको भौतिक आक्रमण, राष्ट्रपतिद्वारा गरिएको संवाद पहलकदमी, अन्तरिम प्रधानमन्त्रीको घोषणा, प्रतिनिधिसभा विघटन यी समग्र विषयमा पार्टीको धारणा महामन्त्रीद्वयको वक्तव्यबाट र पछिल्लो समय कार्यसम्पादन समितिको बैठकको निर्णयबाट सार्वजनिक गरिएको छ । वर्तमानमा पार्टीको भूमिका संयोजन गरिरहेको नाताले हाम्रा धारणाबारे कुनै अस्पटता र अन्यौल नरहेको सम्बन्धमा हामी स्पष्ट छौं,' उनले भनेका छन् ।

जेएनजीले भदौ २३ र २४ गते गरेको प्रदर्शनमा युवाको मृत्यु हुनु र खबौं सम्पत्तिको तोडफोड, आगजनी भई पूर्ण क्षतिहुनु अत्यन्तै दु:खद रहेको कांग्रेसको भनाइ छ । सम्पूर्ण घटनाको छानबीन गर्न कांग्रेसले माग गरेको छ । 'जेएनजीको भावनाविपरीत अवाञ्छित घुसपैठ हुँदा सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत, प्रदेशसभा भवनदेखि अनेकौं राजनीतिक, प्रशासनिक, व्यवसायिक प्रतिष्ठान, वित्तीय संस्था, मिडिया हाउस र व्यक्तिका निजी घरसमेत खर्बौंको संरचना ध्वस्त गरिएको छ । यो अत्यन्तै अकल्पनीय र दु:खद घटना निन्दनीय र भर्त्सनायोग्य छ । सरकारले क्षतिको वास्तविक आंकलन प्रक्रिया अविलम्ब सुरु गरोस्,' उनले भनेका छन् ।

संविधानबमोजिम जनताबाट लोकतान्त्रिक विधिअनुसार निर्वाचित देशकै सर्वोच्च प्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको विघटन कार्य पूर्ण रुपमा अलोकतान्त्रिक र असंवैधानिक रहेको कांग्रेसको भनाइ छ । 'यस कार्यले देशको संविधान, संविधानद्वारा प्रत्याभूत नागरिकअधिकार, संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था र समावेशी चरित्रको राज्य निर्माण गर्ने संविधानको भावनामा कुठराघात भएको छ । यसले लोकतन्त्र र संविधानलाई कमजोर गर्नुका साथै सम्मानित सर्वोच्च अदालतको पूर्ववर्ती सम्बन्धित फैसला भन्दा विपरीत छ । अविलम्ब कार्यसम्पादन समितिको बैठक बसेर प्रतिनिधिसभाको अलोकतान्त्रिक र असंवैधानिक विघटनको विपक्षमा आफ्नो स्पष्ट धारणा निर्माण गरेर सार्वजनिक गरिएको स्मरण गराउँदछौं,' उनले भनेका छन् । उनले विद्यमान राजनीतिक घटनाक्रम सम्बन्धमा एकताबद्ध रहेर स्पष्ट धारणा तयगर्दै अघि बढ्न नेपाली कांग्रेस दृढ प्रतिबद्ध रहेको बताएका छन् ।

# बालबालिका राष्ट्रका उज्ज्वल भविष्य: प्रदेशप्रमुख देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले बालबालिका राष्ट्रका उज्ज्वल भविष्य भएको बताएका छन् ।

आइतबार ६१ औँ राष्ट्रिय बालदिवसको अवसरमा शुभकामना सन्देशमार्फत प्रदेशप्रमुख देवकोटाले यस्तो बताएका हुन् । 'उनीहरुको सुरक्षित र समृद्ध भविष्य सुनिश्चित गर्नु हामी सबैको साझा जिम्मेवारी हो' उनले सन्देशमा भनेका छन् । यसवर्षको 'बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी' भन्ने नाराको साथ आज आइतबार दिवस मनाइदै छ । स्वस्थ र गुणस्तरीय शिक्षा, पोषण र सुरक्षित वातावरणमा गरिने लगानीले मात्र बालबालिकाको चौतर्फी विकास हुने र जिम्मेवार तथा सक्षम नागरिक बन्न सक्ने उनले सन्देशमा उल्लेख गरेका छन् ।

नेपालको संविधानले बालबालिकाका हक र अधिकारलाई सुनिश्चित गरेको छ । हरेक बालबालिकाले बालमैत्री समाजमा निर्धक्क भएर हाँस्न, खेल्न र आफ्नो सपना पूरा गर्न पाउनु उनीहरुको नैसर्गिक अधिकार हो, यो पूरा गर्न जिम्मेवार बनिदिनु हामी सबैको कर्तव्य पनि हो । बालबालिकामाथि हुने जुनसुकै प्रकारको हिंसा, शोषण, दुर्व्यवहार र बालश्रमको अन्त्य गर्न सबैको हातेमालो आवश्यक भएको उनले उल्लेख गरका छन् । 'विशेष दिनमा हामी सबैले हरेक बालबालिकाको मुस्कानको संरक्षण गर्ने र उनीहरुको उज्ज्वल भविष्यका लागि सँगै काम गर्ने प्रण गरौं' उनले भने ।

# नगर उपप्रमुख बानियाँमाथि कुटपिट, नगरप्रमुखले माफी मागिन्

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिकाको नगरउपप्रमुख राजेश बानियाँमाथि कुटपिट भएको छ । हेटौंडा उपमहानगरपालिका-२ निवासी स्थानीय पुरुषोत्तम खड्काले उपप्रमुख बानियाँमाथि कुटपिट गरेका हुन् ।



आइतबार बिहान उपमेयरमाथि व्यक्तिगत विवादका कारण कुटपिट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्काले बताए । 'व्यक्तिगत विवादले हातपात भएको भनिएको छ,' एसपी खड्काले भने, 'स्थानीय पुरुषोत्तमलाई नियन्त्रणमा लिएका छौं ।' प्रहरीप्रमुख खड्काले दिएको जानकारीअनुसार आक्रमणबाट उपप्रमुख बानियाँलाई सामान्य चोट लागेको छ । आक्रमणको कारण खुल्न बाँकी रहेको छ भने प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ । उपप्रमुख बानियाँ २०७९ को स्थानीय चुनावमा नेपाली कांग्रेसबाट नगरउपप्रमुखमा विजयी भएका थिए ।

**नगरप्रमुखले मागिन् माफी**

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले विद्यार्थीप्रति राखेको अभिव्यक्तिका कारण सार्वजनिक माफी मागेकी छन् ।

भदौ २३ गते जेनजी आन्दोलनका क्रममा विद्यार्थीले गुनासो राख्न उपमहानगरपालिकामा पुग्दा नगरप्रमुख लामाले दिएको प्रतिक्रिया विवादित बनेपछि उनले आइतबार विज्ञप्ति जारी गर्दै माफी मागेकी हुन् । 'विद्यार्थी भाइबहिनीहरुको मन दुखाउने कुनै उद्देश्य मेरो थिएन । तर, मेरो शब्द र शैलीका कारण मनमा चोट पुगेको रहेछ भने माफी चाहन्छु,' नगरप्रमुख लामाले विज्ञप्तिमा भनेकी छन् । उनले हेटौंडा उपमहानगरपालिका विद्यार्थीहरुको पक्षमा सधैं खडा रहने स्पष्ट पार्दै शैक्षिक, सामाजिक र सिर्जनात्मक अभियानमा निरन्तर साथ दिने प्रतिबद्धता जनाएकी छन् ।

लामाले महिलाप्रति, जनजाति समुदायप्रति र विविधतालाई सम्मान गर्ने आफ्नो अडान दोहोऱ्याउँदै, विगतका कमजोरी आत्मसात गरेर अघि बढ्ने बताइन् । 'विद्यार्थीले उठाएका मुद्दा र माग सम्बोधन गर्नतर्फ संवेदनशीलतापूर्वक लाग्नेछु,' उनले भनिन्, 'मधेश प्रदेशबाट अध्ययन गर्ने भाइ बहिनीहरुलाई मैले विभेद गर्ने सवाल नै हुँदैन ।'

यस्तै, भदौ २४ गते मधेशका विद्यार्थीहरु लामाबाट विभेद भएको भन्दै आन्दोलित भएका थिए । उनीहरुले नगरप्रमुख लामाले माफी माग्नुपर्ने माग राख्दै हेटौंडा उपमहानगरपालिका गेट अगाडि प्रदर्शन गरेका थिए । सोही दिन नगरप्रमुख लामाको घरमा आगजनी भएको थियो ।

# विद्यालय खुल्नेबित्तिकै परीक्षा नराख्न ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ आन्दोलनपछि विद्यालय खुलेलगत्तै परीक्षाको तालिका सार्वजनिक भएपछि बालबालिकामा त्रास र भय बढेको भन्दै बालअधिकारका लागि राष्ट्रिय अभियानले गम्भीर ध्यानाकर्षण गराएको छ ।

अभियानले विज्ञप्ति जारी गर्दै हालको परिस्थितिले बालबालिकाको मानसिक स्वास्थ्यमा नकारात्मक असर पारेको जनाएको छ । परीक्षाको तालिकाले बालबालिकामा त्रास, भय र मानसिक अस्थिरता बढाएकोले कम्तिमा एक हप्ता परीक्षा स्थगित गरी सहशैक्षिक गतिविधि स्पोर्टस् हप्ता सञ्चालन गर्न अभियानले आग्रह गरेको छ । यसले बालबालिकाको अवस्था सामान्य बनाउन मद्दत पुग्ने अभियानको विश्वास छ । राष्ट्रिय बालदिवसको अवसरमा जारी विज्ञप्तिमा अभियानले दसकौं बितिसक्दा पनि बालबालिकाले गोली खानुपर्ने र ज्यानको बलिदानी दिनुपर्ने अवस्था विद्यमान रहेको भन्दै बालदिवसको औचित्यमाथि प्रश्न उठाएको छ ।

हरेक विपद् र संकट पछिको अवस्थामा बालबालिका थप जोखिममा पर्नसक्ने खतराप्रति सरोकारवालाको ध्यानाकर्णण गराइएको छ । जेनजी आन्दोलनमा ज्यान गुमाएका र घाइते भएका बालबालिकाको उपचार र राहतका लागि सहयोग गर्न पनि अभियानले अपिल गरेको छ । बालबालिकामा मानसिक स्वास्थ्य समस्या देखिए अभियानका सदस्य दिनिशा बानियाँ र कृतिका दाहाललाई सम्पर्क गर्न सकिने विज्ञप्तिमा उल्लेख छ ।


## भवन निर्माणको ज्याला दररेट पेश गर्ने म्याद थप सम्बन्धित सूचना !

*प्रकाशित मिति : २०८२/०५/२९*

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म. हे.उ.म.न.पा.वडा नं.-४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए अनुसार उक्त भवन निर्माण कार्य निर्माण सामाग्रीहरु (छड, सिमेन्ट, इट्टा, गिट्टी, वालुवा, झ्याल, ढोका, शटर रेलिङ्ग) बाहेक सम्पूर्ण सिमेन्ट सम्बन्धी कार्यहरु ज्याला दररेटमा गराउनुपर्ने भएको हुदाँ उक्त २ तल्लाको बहुउद्देश्यीय भवन के कति दररेटमा गर्न सकिन्छ सो को ज्याला दररेट पेश गर्नको लागि मिति २०८२/०५/१९ गते प्रकाशित सूचनाको हकमा हाल देश व्यापीरुपमा भएको आन्दोलनको कारण सो समयअवधीमा कार्यालय बन्द रहेको हुँदा भवन निर्माणको ज्यालादररेट पेश गर्नको लागि यस सूचनाको अन्तिम मिति २०८२/०५/२६ रहेकोमा सोही अन्तिम मितिको समयबाट लागुहुने गरी ६ औ दिनको कार्यालय समय अवधिसम्म खरिद गरी ७ औ दिनको १२:०० बजे भित्र दर्ता गर्नको लागि समय अवधि म्याद थप गरिएको र सोही दिनको २:०० बजे दिउसो खोलिने व्यहोरा समेत अनुरोध गर्दछौं ।

सम्पर्क
कार्यालय फोन नं. : ०५७-५२०८१६
मोवाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com
राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**



## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा
## जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु बारा पर्सा रौतहट लगायत अन्य जिल्लाहरुमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोगहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरिरहेको साथै मकवानपुर जिल्लामा पनि पानी जन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन साथै गर्मि तथा बर्षायामसँगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन विभिन्न उपायहरु अपनाउन अनुरोध गरिन्छ । झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) इन नदिन विभिन्न उपायहरु जस्तै: काँचै खाने फलफुल तथा तरकारीलाई सुरक्षित पानीले राम्रो संग पखालेर मात्र खाने, पानीलाई राम्ररी छोपेर राख्ने, भान्छालाई व्यवस्थित र सफा राख्ने, राम्रोसँग पाकेको कुराहरु मात्र खाने, भाडाकुडा लाइ राम्रोसँग भित्र बाहिर सफा गर्ने, खाना पकाउनु र पस्कनु अघि राम्रोसँग साबुन पानीले हातधुने, बच्चालाई खाना खुवाउने भाँडा जस्तै: दुधदानी चम्चा कचौरा आदि निर्मलीकरण गर्ने र बासी सडेगलेका झिँगा भन्केका खानेकुरा नखाने व्यवहारहरु अपनाउने गरौ । याद गर्नुहोस वर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग जनस्वास्थ्य कार्यालय मकवानपुर सम्पर्क गरौं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**



## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना